आज मिति २०७७ साल फागुन २३ गते आइतवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मानव सेवा आश्रम सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं.२: भूमिहिन र अव्यवस्थित बसोबासीको तथ्यांक प्रमाणीकरण प्रकिया सम्बन्धमा ।

प्रस्ताव नं.३: पुर्नस्थापना समितिबाट भए गरेका कार्यहरु अनुमोद र राहत वितरण सम्बन्धमा ।

प्रस्ताव नं.४: महिला म्याराथन प्रतियोगिता सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं.५: नगरपालिकाको स्थापना दिवस मनाउने सम्बन्धमा ।

प्रस्ताव नं.६: सडक महोत्सव आयोजना सम्बन्धमा ।

प्रस्ताव नं.७: विश्व बैंकको सहयोग सम्बन्धमा ।

प्रस्ताव नं.८: जग्गा विकास आयोजना सम्बन्धमा ।

प्रस्ताव नं.९: जग्गा सम्याउने कार्य व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि सम्बन्धमा ।

प्रस्ताव नं.१०: १०८ फिट व्यासको मूर्ति निर्माण कार्यको ठेक्का प्रकिया सम्बन्धमा ।

प्रस्ताव नं.११: करार कर्मचारी छनौट समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं.१२: ठेक्का स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं.१३: सडक बोर्ड नेपालको कार्यक्रम स्वीकृत सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं.१:** प्रस्ताव नं.१ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका र विभिन्न दाताहरुबाट व्यास नगरपालिका वडा नं.३ व्यास गुफामा निर्माण भएको मानव सेवा आश्रम कृयापुत्री भवन सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ खारेज गरी उक्त भवन सञ्चालन व्यवस्थापन गर्न नागरिक स्तरबाटै समिति बनाई संस्था दर्ता गरी प्रकृया अघि बढाउन व्यास नगरपालिका वडा नं. २, ३, ४ का वडा अध्यक्षहरुको परामर्शमा ७ जनाको समिति गठन गर्ने गरी व्यास नगरपालिका वडा नं. ३ निवासी एवं उक्त भवन निर्माण समितिका अध्यक्ष श्री उपेन्द्र लम्साललाई संयोजनको जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ को सम्बन्धमा छलफल हुँदा भूमिहिन र अव्यवस्थित बसोबासीहरुको तथ्याङ्क संकलन सम्बन्धी विवरण अनुसार भूमिहिन दलित ७२०, भूमिहिन सुकुम्बासी ४७८, अव्यवस्थित बसोबासीहरु ६,१३३ गरी जम्मा ७,३३१ हुन आएको हुँदा उक्त संकलित विवरणहरुको छानविन गरी प्रमाणीकरण गर्ने प्रकृया सम्बन्धमा भूमी सम्बन्धी जिल्ला समितिका पदाधिकारी सदस्यहरुसँग अन्तरक्रिया गर्ने र प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका बाढीबाट बिग्रिएका कुलो, बाँध, खेतहरुको पुर्नस्थापना सम्बन्धी समितिबाट २०७७।११।१६ गते भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै घर निर्माण गर्नुपर्ने बाढी पीडितहरुको तथ्याङ्कलाई वडागत रुपमा पुनः मूल्याङकन गरी प्रमाणीकरण गरी राहत वितरणको प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ को सम्बन्धमा छलफल हुँदा अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८) फागुन २४ गतेका दिन आयोजना गरिएको प्रथम व्यास नगर महिला खुल्ला हाफ म्याराथन प्रतियोगिताका लागि १० जिल्लाका ५७ जना धावकहरुको नाम दर्ता हुन आएको र प्रतियोगीहरुलाई म्याराथन सम्बन्धी प्रशिक्षण दिनका लागि राष्ट्रिय खेलाडी श्री रमेश भट्टचन, अन्तर्राष्टिय महिला धावक श्री कान्छीमाया कोजुँलाई आमन्त्रण गरिएको विवरण जानकारी गराउँदै व्यास गुफादेखि ऐतिहासिक तनहुँशुर दरवारसम्म हुने उक्त म्याराथन प्रतियोगिता सफल पार्न सम्पूर्ण व्यास नगरवासी एवं तनहुँ जिल्लाबासी दाजुभाई दिदिबहिनीहरुलाई हार्दिक अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्थापना दिवस चैत्र ३० गते भएको हुँदा पूर्व जनप्रतिनिधि, वर्तमान जनप्रतिनिधि र नगरबासीहरुको सहभागितामा नगरपालिकाले हालसम्म गरेका कार्यहरुको समिक्षा गर्दै आगामी कार्ययोजना समेत प्रस्तुत गर्ने गरी भव्यताका साथ नगरपालिका स्थापना दिवस मनाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ को सम्बन्धमा छलफल हुँदा नयाँ वर्ष २०७८ को उपलक्ष्यमा वैशाख १ र २ गते व्यास नगरपालिका वडा नं.२, ३ स्थित सफा सडक, मालपोत लाइन, उद्योग वाणिज्य संघ, अनसन चौतारी क्षेत्रमा स्थानीय सरोकारवालाहरुको पहल समेतमा सडक महोत्सव आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका सडक पूर्वाधार निर्माण एवं शासकीय सुधारका लागि शहरी विकास विभागसँग विश्व बैंकको सहयोगबाट प्राप्त ७५ करोड बराबरको सम्झौता सम्पन्न भएको बैठकमा जानकारी गराउँदै शहरी विकास विभाग एवं सहयोग दाता संस्थालाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ को सम्बन्धमा छलफल हुँदा व्यास १० स्थित वैरेनी क्षेत्रमा जग्गा एकीकरण प्रक्रिया मार्फत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय उपभोक्त समिति, आयोजना व्यवस्थापन समितिबाट प्रथम चरणको मस्यौदा योजना स्वीकृत भई आए बमोजिम तथा व्यास नगर विकास समितिको सिफारिस अनुसार नगरपालिकाकै तर्फबाट जग्गा विकास आयोजना सञ्चालन गर्न स्वीकृतिका लागि नेपाल सरकार समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र जग्गा सम्याउने कार्यमा व्यवस्थित गर्न आवश्यक देखिएकाले कृषि व्यवसाय सम्बन्धी उद्देश्य र अन्य उद्देश्य समेत एकीन गराई निश्चित दस्तुर लिई वातावरणीय असर नपर्ने गरी नियमनका साथ जग्गा सम्याउने कार्य व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको प्रस्तावमा नेपाल सरकार पर्यटन मन्त्रालयमा प्रस्तावित व्यास पराशर क्षेत्रको विकास अभियानमा महर्षी वेदव्यासको १०८ फिट अग्लो मूर्ती निर्माणमा सहभागिता समेतको रु.७ करोडको प्रस्ताव (४ करोड ५५ लाख नेपाल सरकार र २ करोड ४५ लाख न.पा समेत स्थानीय दाताहरुको लागत सहभागिता) स्वीकृत भई आएकाले उक्त मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्दै गुरुयोजना अनुसारको ८ करोड भन्दा कम नहुने गरी टेण्डर प्रकृया ३ दिन भित्र प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ को सम्बन्धमा छलफल हुँदा नेपाल नगरपालिका संघ र व्यास नगरपालिका बीच भएको सम्झौता अनुसार खानेपानी तथा सरसफाई योजना निर्माण एवं खानेपानी तथा सरसफाई ओयोजना स्वच्छताको अवस्था मापन सम्बन्धी तथ्यांक संकलन गर्ने कार्यका लागि १ जना इन्जिनियर १७५ दिन कार्य अवधि रहने गरी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमका पदाधिकारी रहने गरी एक कर्मचारी छनौट समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) संयोजक | प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल |
| (ख) सदस्य | बरिष्ठ आलेप अधिकृत श्री कुमार कंचन जि.सी. |
| (ग) सदस्य | बरिष्ठ इन्जिनियर श्री राजु पौडेल |
| (घ) सदस्य | कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले |
| (ङ) सदस्य सचिव | शाखा अधिकृत श्री मेघनाथ आचार्य |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ को सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा तपशिलमा उल्लेखित निर्माण कार्यको लागि प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार कार्यालयमा दर्ता हुन आएका

विभिन्न फर्मका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्मको बोलपत्र स्वीकृतको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम ठेक्का स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि. नं | योजनाको नाम | ठेक्का नं. | फर्मको नाम | कबोल रकम (मु.अ.कर र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १. | देविडाँडा लिफ्ट खानेपानी योजना व्यास १० | (ठेक्का नं.१८ /vyasmun/ २०७७।०७८) | श्री जि.एस. इन्जिनियरिङ एण्ड विल्डर्स पोखरा कास्की | रु.२,०७,४४,४४६।४७ |

<u>**निर्णय नं.१३:**</u> प्रस्ताव नं.१३ को सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको लागि चालू आर्थिक वर्ष २०७७।०७८ मा सडक बोर्ड नेपालबाट विनियोजन भई आएको रकम मध्येबाट व्यास नगरपालिका वडा नं.१, २, ३, ४, ५, ७, १० र ११ का विभिन्न शहरी कालोपत्रे सडकको आवधिक मर्मत गर्ने गरी योजना स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।